यो आकाशवाणी हो । (03.10.2026)

समाचार लेखनाथ

मुख्य समाचारहरू

- आर्थिक उत्थानका लागि सामाजिक समावेशिता प्रमुख आधार रहेको उपराष्ट्रपति राधाकृष्णनको भनाइ...
- केन्द्रीय गृहमन्त्री अमित शाहद्वारा पशुपालन क्षेत्रको विकास र आपराधिक न्याय सुधारसम्बन्धी महत्त्वपूर्ण घोषणा..
- भारत विश्वको ७५ देखि ८० प्रतिशत अर्थतन्त्र समेट्ने गरी मुक्त व्यापार सम्झौता विस्तार गर्दै अघि बढेको केन्द्रीय मन्त्री पीयूष गोयलको भनाइ..
- भारतीय संसदीय प्रतिनिधिमण्डल आईपीयूको १५३औँ सभामा सहभागी हुन तान्जानिया प्रस्थान....
- एसियाली खेलकुदमा भारतको स्वर्णिम प्रदर्शन; ८५ पदकसहित भारत चौथो स्थानमा...

1. उपराष्ट्रपति

भारतका उपराष्ट्रपति सी.पी. राधाकृष्णनले तीव्र रूपमा परिवर्तन भइरहेको विश्वमा आर्थिक उत्थानलाई सामाजिक उत्थानबाट अलग गर्न नसकिने बताउनुभएको छ । नयाँ दिल्लीमा आज आयोजित पाँचौँ कौटिल्य इकोनोमिक कन्क्लेभको उद्घाटन सत्रलाई सम्बोधन गर्दै उहाँले सामाजिक समावेशिता नै उत्थानको आधार भएको उल्लेख गर्नुभयो ।

'परिवर्तनशील युगमा उत्थान' विषयमा आयोजित सम्मेलनमा उपराष्ट्रपति राधाकृष्णनले सहमति, समावेशिता र उत्तरदायी नीतिनिर्माणले लोकतन्त्र र विकासलाई सँगसँगै अघि बढाउन सहयोग गर्ने बताउनुभयो । सन् २०४७ सम्म विकसित भारत निर्माणका लागि कुनै पनि नागरिक, उद्यम वा क्षेत्र पछाडि नपर्ने गरी सामूहिक प्रयास आवश्यक रहेको उहाँको भनाइ थियो ।

2.अमित शाह

केन्द्रीय गृह तथा सहकारिता मन्त्री अमित शाहले सरकारले पशुपालनमार्फत ग्रामीण अर्थतन्त्रलाई नयाँ गति दिन गाईको गोबरबाट बायोग्यास र जैविक मल उत्पादनदेखि दुग्धजन्य पदार्थको प्रशोधन तथा बजार पहुँचसम्मको सम्पूर्ण प्रणाली विकास गरिरहेको बताउनुभएको छ ।

भोपालमा आज आयोजित राज्यस्तरीय गौपालक सम्मेलनलाई सम्बोधन गर्दै श्री शाहले सहकारिता मन्त्रालयको गठनबाट सबैभन्दा बढी लाभ पाउने वर्गमध्ये पशुपालक पनि रहेको बताउनुभयो ।

यसैबीच, फौजदारी न्याय प्रणालीमा सुधारबारे बोल्दै श्री शाहले भारतीय न्याय संहिता पूर्ण रूपमा कार्यान्वयन भएपछि भारतको फौजदारी न्याय प्रणाली विश्वकै आधुनिक प्रणाली बन्ने दाबी गर्नुभयो। उहाँका अनुसार भारतीय न्याय संहिता पूर्ण रूपमा लागू भएपछि प्रथम सूचना प्रतिवेदन अर्थात् एफआईआर दर्तादेखि सर्वोच्च अदालतसम्मको प्रक्रिया तीन वर्षभित्र टुंग्याउन सकिने व्यवस्था हुने छ ।

3. पीयूष गोयल

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले भारतले विश्वका करिब ७५ देखि ८० प्रतिशत अर्थतन्त्रलाई समेट्ने गरी मुक्त व्यापार सम्बन्धको सञ्जाल विस्तार गरिरहेको बताउनुभएको छ । अमेरिकाको सिकागोमा 'युएस इन्डियन कम्युनिटी फाउन्डेसन' द्वारा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै श्री गोयलले हालैका वर्षहरूमा भारतले आफ्ना व्यापार वार्ताहरूलाई व्यापक रूपमा विस्तार गरेको र थप वार्ताहरू जारी रहेको जानकारी दिनुभयो । यो विस्तारले भारतमा सञ्चालित कम्पनीहरूलाई अझ ठूलो अन्तर्राष्ट्रिय बजारमा पहुँच दिलाउने उहाँको भनाइ थियो ।

श्री गोयलका अनुसार सन् २०१४ अघि भारतको करिब १० ट्रिलियन डलर जीडीपी (सकल घरेलु उत्पादन) ओगट्ने अर्थतन्त्रहरूसँग मात्र मुक्त व्यापार सम्झौता रहेको थियो । तर पछिल्लो चारदेखि साढे चार वर्षको अवधिमा भारतले ६० ट्रिलियन डलर जीडीपी बराबरका ३१ विकसित तथा विकासोन्मुख देशहरूसँग मुक्त व्यापार सम्झौता अघि बढाउने निर्णय गरेको छ। यसका साथै १५ ट्रिलियन डलर जीडीपी प्रतिनिधित्व गर्ने थप ६ देखि ८ वटा अर्थतन्त्रहरूसँग वार्ता जारी रहेको पनि उहाँले स्पष्ट पार्नुभयो ।

यस विस्तारित व्यापार सञ्जालले भारतलाई विश्वव्यापी आपूर्ति शृङ्खलामा थप सुदृढ बनाउन र देशमा वस्तु तथा सेवा उत्पादन गर्ने व्यवसायहरूका लागि ठूलो अवसर सिर्जना गर्न मद्दत पुऱ्याउने मन्त्री गोयलले बताउनुभयो ।

4.'जनसेवाबाट देशसेवा'

प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक सेवामा २५ वर्ष पूरा गर्नुभएको अवसरमा 'जनसेवाबाट देशसेवा'को भावनासहित विकसित भारतको लक्ष्यतर्फ अघि बढिरहेका विभिन्न प्रयासलाई प्रस्तुत गर्ने विशेष शृङ्खलाअन्तर्गत आज  राष्ट्रिय राजधानी नयाँ दिल्लीको सेन्ट्रल भिस्टा पुनर्विकास परियोजनाअन्तर्गत नयाँ संसद् भवन, कर्तव्य पथ तथा साझा केन्द्रीय सचिवालयलगायतका महत्वपूर्ण पूर्वाधार विकास गरिएको छ ।

परियोजनाको मुख्य उद्देश्य सरकारी कामकाजका लागि आधुनिक, सुविधासम्पन्न र प्रभावकारी पूर्वाधार निर्माण गर्नु हो । साझा केन्द्रीय सचिवालयका १० वटा भवनमा केन्द्र सरकारका ५१ मन्त्रालयलाई समेट्ने योजना रहेको छ ।

*ताजा समाचारको हरेक अपडेटसँग जोडिनुहोस् , हाम्रो आधिकारिक एक्स ह्यान्डल*

*@airnews underscore gangtok र फेसबुक पेज*

*Akashvani News Gangtok लाई फलो गर्न नबिर्सनुहोस्।*   *(GONG)* 2

5. प्रधानमन्त्री 'प्रेरणा स्थल'

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी नोभेम्बर ३ तारिख महाराष्ट्रको बारामतीमा नवनिर्मित 'प्रेरणा स्थल'को उद्घाटन गर्नुहुने भएको छ। राष्ट्रवादी कांग्रेस पार्टीका प्रमुख शरद पवारले आज पत्रकार सम्मेलनमार्फत यसको जानकारी दिनुभएको हो ।

विद्या प्रतिष्ठान परिसरमा निर्माण गरिएको 'प्रेरणा स्थल' मा चार टन तौलको भगवान् बुद्धको प्रतिमा राखिएको छ। उद्घाटन समारोहमा महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीस, उपमुख्यमन्त्री एकनाथ शिन्दे र सुनेत्रा पवार, सिरम इन्स्टिच्युटका साइरस पुनावाला तथा माइक्रोसफ्टका प्रतिनिधिलगायतलाई आमन्त्रण गरिएको शरद पवारले बताउनुभएको छ ।

Yasai bich....प्रधानमन्त्री नरेन्द्र मोदीको मासिक रेडियो कार्यक्रम 'मन की बात'ले आज १२ वर्ष पूरा गरेको छ । सन् २०१४ को विजयादशमीका दिन पहिलोपटक प्रसारण भएको कार्यक्रमको हालै १३८औँ शृङ्खला प्रसारण भएको छ ।

6.राज्यसभाका उपसभापति हरिवंशको

राज्यसभाका उपसभापति हरिवंशको नेतृत्वमा भारतीय संसदीय प्रतिनिधिमण्डल अन्तर-संसदीय सङ्घ–आईपीयूको १५३औँ सभा तथा सम्बन्धित बैठकमा सहभागी हुन तान्जानिया प्रस्थान गरेको छ । आईपीयूको सभा यसै महिनाको ५ देखि ९ तारिखसम्म आयोजना हुँदैछ । प्रतिनिधिमण्डलले समसामयिक विश्वका महत्वपूर्ण विषयमा हुने विभिन्न बैठक, प्यानल छलफल तथा कार्यशालामा सहभागिता जनाउँदै ती विषयमा भारतका धारणा प्रस्तुत गर्नेछ ।

भारतीय प्रतिनिधिमण्डलले लोकतन्त्र तथा मानवअधिकार, शान्ति र अन्तर्राष्ट्रिय सुरक्षा, दिगो विकास, महिलाको सहभागिता, विज्ञान तथा प्रविधिसहित आतङ्कवाद नियन्त्रण, मानसिक स्वास्थ्य, महत्वपूर्ण खनिज, कृत्रिम बुद्धिमत्ता, भविष्यको रोजगारी, समुद्री सुरक्षा तथा जलवायु परिवर्तन लगायतका विषयमा पनि छलफल गर्नेछ । प्रतिनिधिमण्डलले हिमाली तथा समुद्री पारिस्थितिक प्रणालीको संरक्षणका विषयमा समेत भारतको धारणा प्रस्तुत गर्नेछ ।

7.जी–७ राष्ट्र

जी–7 राष्ट्रहरूले बढ्दो इन्धन मूल्य र आपूर्ति दबाब कम गर्न अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सी–आईईएको समन्वयमा चार महिनाभित्र १० करोड ब्यारेल तेल तथा इन्धन भण्डार बजारमा ल्याउने निर्णय गरेका छन् ।

जी–7 को संयुक्त वक्तव्यअनुसार, प्रक्रिया तत्काल सुरु हुनेछ र पहिलो २० दिनमै ठूलो परिमाणमा डिजेल बजारमा ल्याइनेछ । यसमा जी–7 सदस्य राष्ट्र तथा साझेदार देशहरू सहभागी हुनेछन् । अमेरिकामा डिजेलको मूल्य हालसम्मकै उच्च स्तरमा पुगेपछि यो निर्णय गरिएको हो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युरोपेली देशहरूले आफ्नो डिजेल भण्डारबाट ठूलो परिमाणमा इन्धन बजारमा ल्याउने र प्रक्रिया तत्काल सुरु हुने बताउनुभएको छ । फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोंको अध्यक्षतामा भएको जी–7 को आपत्कालीन भिडियो बैठकपछि यो निर्णय सार्वजनिक गरिएको हो । जी–7 ले तेल तथा इन्धनको निर्यातमा प्रतिबन्ध नलगाउने प्रतिबद्धता पनि दोहोर्‍याएको छ ।

8.हर्मुज

हर्मुज जलडमरूमध्यमा कुवेती झण्डा रहेको तेलवाहक पानीजहाजमाथि प्रक्षेप्य प्रहार भएपछि जहाजमा सवार पाँच भारतीय नागरिकको सुरक्षित उद्धार गरिएको छ । ओमानस्थित भारतीय दूतावासले आज सामाजिक सञ्जाल एक्समार्फत दिएको जानकारीअनुसार, दूतावासको

समन्वयमा एमटी काजिमाह तृतीयमा रहेका पाँचै भारतीय नागरिकलाई सुरक्षित रूपमा किनारमा ल्याइएको हो । उद्धार अभियानमा निरन्तर सहयोग र समन्वय गरेकोमा दूतावासले ओमानी अधिकारीहरूप्रति आभार व्यक्त गरेको छ ।

9.एसियाली खेलकुद

जापानमा जारी एसियाली खेलकुदमा भारतले अहिलेसम्म २१ स्वर्ण, २७ रजत र ३७ कांस्य गरी ८५ पदक जित्दै पदक तालिकाको चौथो स्थानमा पुगेको छ ।

आज भारतले पुरुष टी–२० क्रिकेटमा पाकिस्तानलाई १९ रनले पराजित गर्दै स्वर्ण जितेर उपाधि रक्षा गरेको छ। त्यस्तै, प्रणवी उर्सले महिला व्यक्तिगत गल्फमा भारतका लागि पहिलोपटक स्वर्ण, कुमकुम अनिल मोहोडले महिला व्यक्तिगत रिकर्भ आर्चरीमा ऐतिहासिक स्वर्ण तथा नीरज चौहानले पुरुष व्यक्तिगत रिकर्भ आर्चरीमा कांस्य जितेका छन् । यसअघि भारतीय महिला हक्की टोलीले चीनलाई १–० ले हराउँदै ४४ वर्षपछि एसियाली खेलकुदमा स्वर्ण जितेको थियो । टोलीले सन् २०२८ को लस एन्जलस ओलम्पिकका लागि पनि प्रत्यक्ष छनोट हासिल गरेको छ । राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी.राधाकृष्णन,प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रीय खेलमन्त्री मनसुख माण्डवियाले भारतीय खेलाडी तथा टोलीलाई उत्कृष्ट प्रदर्शनका लागि बधाई दिँदै आगामी सफलताका लागि शुभकामना दिनुभएको छ ।

10.एकदिवसीय क्रिकेट

चण्डीगढमा भारत र वेस्टइन्डिजबीचको तीन खेलको एकदिवसीय क्रिकेट शृङ्खलाको तेस्रो तथा अन्तिम खेल जारी छ । टस जितेर पहिले ब्याटिङ गरेको भारतले निर्धारित ५० ओभरमा सात विकेट गुमाएर ३५१ रन बनाएको छ । जवाफी ब्याटिङमा उत्रिएको वेस्टइन्डिजले अहिले भारतले दिएको ३५२ रनको लक्ष्य पछ्याइरहेको छ । ताजा समाचार प्राप्त हुँदासम्म वेस्टइन्डिजले _ ओभरमा _ विकेट गुमाएर _ रन बनाएको छ ।

अन्त्यमा मुख्य समाचार फेरि एकपटक underplay…

1.आर्थिक उत्थानका लागि सामाजिक समावेशिता प्रमुख आधार रहेको उपराष्ट्रपति राधाकृष्णनको भनाइ...

2. केन्द्रीय गृहमन्त्री अमित शाहद्वारा पशुपालन क्षेत्रको विकास र आपराधिक न्याय सुधारसम्बन्धी महत्त्वपूर्ण घोषणा..

3.भारत विश्वको ७५ देखि ८० प्रतिशत अर्थतन्त्र समेट्ने गरी मुक्त व्यापार सम्झौता विस्तार गर्दै अघि बढेको केन्द्रीय मन्त्री पीयूष गोयलको भनाइ..

4.भारतीय संसदीय प्रतिनिधिमण्डल आईपीयूको १५३औँ सभामा सहभागी हुन तान्जानिया प्रस्थान....

5.एसियाली खेलकुदमा भारतको स्वर्णिम प्रदर्शन; ८५ पदकसहित भारत  चौथो स्थानमा....

आकाशवाणीबाट सुन्दैहुनुहुनथ्यो समाचार , पूरा भयो

Additional....केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमण

केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणले आन्ध्र प्रदेशको रेयलसीमा क्षेत्रमा प्रस्तावित ग्लोबल हर्टिकल्चर हबले बागवानी क्षेत्रलाई सुदृढ बनाउँदै किसानका लागि नयाँ अवसर सिर्जना गर्ने बताउनुभएको छ।

उहाँले हिजो अन्नमय्या जिल्लाको मदनपल्लेमा रेयलसीमा ग्लोबल हर्टिकल्चर हब परियोजना र इन्डियन स्कुल अफ एग्रिकल्चरको शिलान्यास गर्नुभएको हो। कार्यक्रममा आन्ध्र प्रदेशका मुख्यमन्त्री एन. चन्द्रबाबु नायडु र उपमुख्यमन्त्री पवन कल्याणको पनि उपस्थिति थियो।

मन्त्री सीतारमणले आधुनिक प्रविधि, वैज्ञानिक खेती, जल व्यवस्थापन र पूर्वाधारमा जोड दिँदै केन्द्र र राज्य सरकारले मिलेर आन्ध्र प्रदेशलाई प्रमुख बागवानी केन्द्रका रूपमा विकास गरिरहेको बताउनुभयो।

दश जिल्लामा फैलिने परियोजनाअन्तर्गत आँप, केरा, टमाटर र अनार लगायतका बालीलाई प्रवर्द्धन गरिनेछ। तीन चरणमा कार्यान्वयन हुने परियोजनामा करिब एक लाख करोड रुपैयाँ लगानी हुने अनुमान गरिएको छ।